# स्वास्थ्य वैज्ञानिकहरुको नवौं शिखर सम्मेलन चैत्र २८ र २९ काठमाडौंमा हुँदै



by Nam Raj Bhatta April 4, 2023 in News



***काठमाडौं, २१ चैत्र २०७९***

नेपाल स्वास्थ्य अनुसन्धान परिषदले स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकहरुको नवौं शिखर सम्मेलन यही चैत्र २८ र २९ गते गर्ने भएको छ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को आयोजनामा हुने उक्त सम्मेलनको नारा 'स्वास्थ्यका लागि अनुसन्धान कार्यान्वयनका लागि तथ्य र अन्वेषण' रहेको छ ।

काठमाडौंमा हुने शिखर सम्मेलनमा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सयौं अनुसन्धानकर्मीहरुको सहभागिता रहने परिषदले जनाएको छ । सम्मेलनमा १ सय ५० वटा कार्यपत्रहरु प्रस्तुत हुने र नौ वटा प्यानल बनाएर ती कार्यपत्रहरुमाथि छलफल हुनेछन् ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषदका कार्यकारी सचिव डा. प्रदिप ज्ञवालीले सम्मेलनका लागि दुई सय एकवटा अब्स्ट्र्याकहरु प्राप्त भएको र सो मध्ये एकसय ३७ वटा मौखिक प्रस्तुतिकरण र ६४ वटा पोष्टर प्रस्तुतीकरण हुने बताए। प्रस्तुतीकरण मध्येबाट विधागत रुपमा उत्कृष्ट एक–एक जनालाई अवार्ड प्रदान गरिने उनले बताए। साथै अन्य विभिन्न विधामा एवार्ड तथा पुरस्कार वितरण कार्यक्रम पनि रहेको डा. ज्ञवालीले बताए।

परिषदले सम्मेलनमार्फत स्वास्थ्य अनुसन्धान कार्यको नियमन गर्न र अनुसन्धानबाट प्राप्त नतिजाहरुलाई स्वास्थ्य क्षेत्रको योजना नीति तथा कार्यक्रममा सूचित निर्णय गर्नका लागि पैरवी गर्ने विश्वास लिएको छ। सम्मेलनको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले गर्ने परिषदले जनाएको छ।